
के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रन्जित पार्टी प्यलेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रू. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरून्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २३ ❑ अङ्क २०१ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ साउन २० गते शुक्रबार ❑ 5 Aug 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-

## निर्वाचनको मिति घोषणासँगै तयारीमा जुट्यो निर्वाचन आयोग

**रासस**
**काठमाडौं, १९ साउन**

निर्वाचन आयोगले नेपाल सरकारबाट तोकिएको आउँदो मङ्सिर ४ गते हुने सङ्घीय र प्रदेशसभा सदस्यको निर्वाचन एकै चरणमा सम्पन्न गराउन औपचारिकरूपमा तयारी सुरु गरेको छ। तोकिएको दिन स्वतन्त्र र निष्पक्षरूपमा निर्वाचन गराउन आफू पूर्ण सक्षम रहेको आयोगले बिहीबार स्पष्ट गरेको छ।

आयोगका पदाधिकारीले गत असार २२ गते प्रधानमन्त्री शेरबहादुर देउवालाई भेटेर वर्तमान सांसद्हरु निर्वाचित भएको मितिका आधारमा आउँदो मङ्सिर २१ गते उहाँहरुको कार्यकाल सकिने भएकाले सो अगाडि मङ्सिर ४ गते निर्वाचन गर्न उपर्युक्त हुने परामर्श दिएको थियो। सोही परामर्शका आधारमा सत्ता गठबन्धनका शीर्ष नेताहरुको बुधबारको बैठकले उक्त मितिमा सहमति जनाएपछि आज भएको नेपाल सरकार, मन्त्रिपरिषद् को बैठकले निर्वाचनको मिति तोकेको हो।

निर्वाचन आयोग ऐन, २०७३ को दफा २ को खण्ड (भ) मा निर्वाचन हुने मितिभन्दा १२० दिन अगाडिदेखि निर्वाचनको अन्तिम परिणाम सार्वजनिक नभएसम्मको अवधिलाई 'निर्वाचन अवधि' भनी परिभाषा गरेको हुँदा निर्वाचनको मिति तोक्दा ऐनको सो व्यवस्थाबमोजिम निर्वाचन हुने दिनभन्दा कम्तिमा १२० दिन अगाडिदेखि निर्वाचन



अवधि कायम हुने गरी मिति तोक्न आयोगले सरकारलाई परामर्श दिएको थियो। आयोगले मिति घोषणा भएको आजको मितिले १०७ कार्य दिन बाँकी रहे पनि यही अवधिलाई उपयोग गर्दै निर्वाचन सम्पन्न गराउने प्रतिबद्धता व्यक्त गरेको छ। सरकारले मिति तोकेलगत्तै बिहीबार प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियासहित आयुक्तहरु सम्मिलित पत्रकार सम्मेलनमा आयोगले यसबीचमा भएका निर्वाचनका आन्तरिक तयारीलाई अब औपचारि करूपमा तीव्रता दिने जनाएको हो। प्रमुख आयुक्त थपलियाले मङ्सिर ४ गतेको निर्वाचनका लागि अर्जुनदृष्टि दिएर निर्वाचन स्वच्छ, स्वतन्त्र, निष्पक्ष र भयरहितरूपमा सम्पन्न गर्ने तयारी सुरु भएको स्पष्ट गर्नुभयो। उहाँले दसैँलगत्तै उम्मेदवारी मनोनयन हुने गरी निर्वाचन कार्यक्रम र कार्यतालिका आउने जानकारी दिँदै उम्मेदवारी मनोनयन गरेपछि वर्तमान सांसद्हरुको पदावधि सकिने गरी कानून स्पष्ट गराउन आयोगले सुझाव दिइसकेको बताउनुभयो। संविधानसभाबाट संविधान जारी भएपछिको यो दोस्रो आम निर्वाचनमा सबै दल र उम्मेदवारलाई बराबर 'खेल मैदान' उपलब्ध गराउन आयोगले कुनै कसर बाँकी नराख्ने प्रमुख आयुक्त थपलियाको भनाइ छ।

एकै चरणमा प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको निर्वाचन सम्पन्न गर्नेगरी आयोगको परामर्शमा नेपाल सरकारबाट मिति तोकिएकोमा आयोगले नेपाल सरकारलाई धन्यवाद दिएको छ। आयोगले दिएको परामर्शअनुसार नै निर्वाचनको मिति तोकिएसँगै प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्यको कार्यकाल कहिलेदेखि प्रारम्भ भन्ने सम्बन्धमा रहेको संवैधानिक तथा कानूनी अस्पष्टता अब सदाका लागि अन्त्य भएको र यसबाट आगामी आवधिक निर्वाचनको निम्ति पनि मार्ग प्रशस्त भएको आयोगको भनाइ छ।

आयोगले यसअघि सुरु गरेको मतदाता नामावाली सङ्कलन कार्य यही साउन २० गतेपछि स्थगन गर्ने र यसअघि अनलाइनबाट नामावली सङ्कनका लागि समय लिएकाहरुलाई साउन २१ गतेसम्म समय दिने तय गरेको छ। मतदाता नामावली ऐन, २०७३ अनुसार प्रदेश निर्वाचन कार्यालय, जिल्ला निर्वाचन कार्यालय, जिल्ला प्रशासन कार्यालय तथा इलाका प्रशासन कार्यालयबाट भइरहेको मतदाता नामावली सङ्कलन मिति २०७९ साउन २० गतेदेखि स्थगित हुने भएको हो। अनलाइन फाराम भरी औँठा छाप र फोटो खिच्नका लागि आवेदन मिति निर्धारण भएका व्यक्तिको हकमा मिति २०७९ साउन २१ गतेसम्म औँठा छाप र फोटो लिने व्यवस्था मिलाइएको छ।

आयोगले गत असार १ गतेदेखि मतदाता नामावली सङ्कलन कार्य सुरु गरेको थियो। प्रमुख आयुक्त थपलियाले यसबीचमा भएको नामावली सङ्कलनबाट करिब १० लाख मतदाता थपिने अनुमान गरिएको बताउनुभयो। गत वैशाख ३० गते भएको स्थानीय तहको निर्वाचनमा कूल एक करोड ७७ लाख ३३ हजार ७२३ मतदाता रहेका थिए। आयोगले अब हुने निर्वाचनका लागि चाँडै दल दर्ता प्रक्रिया सुरु गर्नेछ। नेपालको संविधानको धारा २७१ र राजनीतिक दलसम्बन्धी ऐन, २०७३ को दफा ४८ बमोजिम प्रतिनिधिसभा सदस्य तथा प्रदेशसभा सदस्य निर्वाचन प्रयोजनका लागि राजनीतिक दल दर्ता प्रक्रिया तुरुन्त प्रारम्भ हुने भएको हो। स्थानीय तहको निर्वाचनमा कूल ७९ दल दर्ता भएकामा ६५ दलले भाग लिएका थिए भने २४ दलले जित हासिल गरेका थिए। यसैगरी आयोगले अन्तर ाष्ट्रिय तहबाट पर्यवेक्षण गराउन चाँडै आह्वान गर्दैछ। आयोगका

बाँकी अन्तिम पृष्ठमा ▶▶

## नेकपा विभाजनको मूल कारण को हो, डा सापकोटाको पुस्तकले भन्छ : माधव नेपाल

**रासस**
**काठमाडौं, १९ साउन**

नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपालले नेकपा विभाजनको मूल कारण को हो भनेर लेखक डा ढाकाराम सापकोटाको पुस्तक (दस्तावेज)ले स्पष्ट पारेको बताउनुभएको छ।

राजधानीमा बिहीबार आयोजित डा सापकोटाको 'नेकपा (एमाले) र नेकपा (माओवादी केन्द्र) को एकतादेखि विभाजनसम्म' पुस्तक लोकार्पण समारोहमा अध्यक्ष नेपालले उक्त पुस्तक इतिहासको दस्तावेज भएको बताउनुभयो। पुस्तकको चर्चा गर्ने क्रममा अध्यक्ष नेपालले पुस ५ गतेको घटनाक्रम स्मरण गर्नुभयो। उहाँका अनुसार सोही दिन बालुवाटारमा नेकपाको बैठक चलिरहेका बेला प्रतिनिधिसभा भङ्ग गर्ने गरी राष्ट्रपतिकहाँ चिठी पठाइएको थियो।

उक्त सूचना आएपछि बैठकले त्यस घटना असंवैधानिक भएको भन्दै निन्दा गर्ने प्रस्ताव पारित गरेको अध्यक्ष नेपालले बताउनुभयो। पार्टी एकताका लागि अन्तिमसम्म हाम्रो कोसिस कतिसम्म भएको थियो भन्ने कुरा त्यस दिनको घटनाले देखाउने उल्लेख गर्दै अध्यक्ष नेपालले यो पुस्तकमा त्यस घटनाक्रमलाई स्पष्टरूपमा पढ्न सकिने पनि बताउनुभयो।

त्यसपछि सम्पूर्ण निर्णय गर्ने अधिकार एक व्यक्तिमा राखिएको पनि उहाँले सुनाउनुभयो। उहाँले तत्कालीन समयमा पार्टी व्यक्तिवादको चरम आहालमा डुबेको जिकिर गर्नुभयो। मुलुकको कम्युनिष्ट राजनीतिक आन्दोलन निकै उतारचढावका बीच यहाँसम्म आइपुगेको स्मरण गर्दै अध्यक्ष नेपालले पुस्तकको अर्को संस्करण निकाल्दा ती दस्तावेजलाई तिथिमितिसहित बुँदागतरूपमा राख्न लेखकलाई सुझाव दिनुभयो। तत्कालीन नेकपाका एक जना अध्यक्ष तथा प्रमुख प्रतिपक्ष दल नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीतर्फ सङ्केत गर्दै उहाँले इतिहासमा गल्ती गरेर पनि अझै महसुस नगरिएको बताउनुभयो। उहाँले भन्नुभयो, "कसैले गल्ती भयो भनेर महसुस गर्छ भने केही छैन, तर आजसम्म सुन्न पाइएको छैन।" फरक सन्दर्भ जोड्दै अध्यक्ष नेपालले ७० वर्षमा राजनीति नै छाडौं भन्ने लागे पनि परिस्थितिले छाड्न नदिएको बताउनुभयो। उहाँले भन्नुभयो, "चुनावको मिति घोषणा भइसक्यो, यसपालिको चुनावमा लड्नैपर्छ र जित्नैपर्छ, अब पनि चुनावमा नउठ्ने भन्ने कुरा भएन, डराएछ कि क्या हो माधव नेपाल भन्ने पर्ला, चुनावमा विजयी भएर तपाईंहरुको बीचमा फेरि आउनुपर्छ।" उहाँले कसैको काम नै निषेधको राजनीति गर्ने भएकाले घृणा पैदा गर्ने र नकारात्मक प्रचार गर्ने तत्व कायमै रहेको पनि बताउनुभयो। उक्त कार्यक्रममा नेकपा (एकीकृत समाजवादी) का नेता डा बेदुराम भुसालले तीन वर्षको नेपाली कम्युनिष्ट आन्दोलनको इतिहासको पाटोलाई डा सापकोटाको पुस्तकले केलाउने प्रयास गरेको बताउनभयो।

डा भुसालले एकताका सन्दर्भ, एकतापछि भएका निर्णय, पार्टीभित्रका विवाद र त्यसपछि प्रस्तुत भएका दस्तावेज पुस्तकमा सङ्ग्रह गरिनु नै महत्वपूर्ण हो भन्नुभयो। डा भुसालले थप्नुभयो, "म आफैँ तत्कालीन नेकपाको स्थायी कमिटी सदस्यको हैसियतले सबै विवादमा संलग्न छु, तर पुस्तकमा समावेश भएका कतिपय चिज मसँग पनि छैन कि जस्तो लाग्ने खालको छ।" एक स्रष्टा इन्दु आचार्यले वामपन्थी आन्दोलनले आफूलाई स्थापित गर्ने अवसर विसं २०४६ पछि मदन भण्डारीले जबजको अवधारणा प्रतिपादन गरेसँगै एकपटक प्राप्त गरे पनि उहाँको निधनले संस्थागत हुन नसकेको उल्लेख गर्नुभयो।

## आम निर्वाचन मंसिर ४ गते गर्ने सरकारको निर्णय

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ साउन**

नेपाल सरकारले प्रतिनिधिसभा र प्रदेशसभाको आम निर्वाचन २०७९ साल मङ्सिर ४ गते एकै चरणमा गर्ने निर्णय गरेको छ। मन्त्रिपरिषदको बिहीबार बसेको बैठकले सो निर्णय गरेको प्रधानमन्त्रीशेरबहादुरदेउवाकाप्रेस प्रमुख गोविन्द परियारले जानकारी दिनुभयो। निर्वाचन आयोगको प्रस्ताव समेतको आधारमा नेपाल सरकारमन्त्रिपरिषदकोबिहीबारको बैठकले सो निर्णय गरेको हो।

## सात खेलाडी सम्मानित

**रासस**
**काठमाडौं, १९ साउन**

खेलकुद क्षेत्रमा योगदान पुऱ्याएबापत सात खेलाडी 'हाम्रो खेलकुद सर्वकालीन सम्मान' बाट सम्मानित हुनुभएको छ। हाम्रो खेलकुद डट कमको आफ्नो सातौं वार्षिकोत्सवका अवसरमा बिहीबार यहाँ आयोजित एक कार्यक्रममा खेल क्षेत्रमा आआफ्नो समयमा महत्वपूर्ण योगदान गर्नुभएका धावक जीतबहादुर केसी र धावक वैकुण्ठ मानन्धर, फुटबलका राजुकाजी शाक्य, ओलम्पियन तेक्वान्दोकी सङ्गिना वैद्य, तेक्वान्दोकै दीपक विष्ट, क्रिकेटका पूर्वकप्तान पारस खड्का र पौडीकी गौरिका सिंह सर्वकालीन सम्मानबाट सम्मानित हुनुभयो।

सम्मानित खेलाडीले जनही रु २५ हजारसहित सम्मानपत्र प्राप्त गर्नुभयो। सम्मानित व्यक्तित्वलाई सांसद गगन थापा, राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य सचिव टङ्कलाल घिसिङ, नेपाल ओलम्पिक कमिटीका महासचिव नीलेन्द्रराज श्रेष्ठ, काभ्रेबेथानचोकगाउँपालिकाका निवर्तमान अध्यक्ष प्रेमबहादुर तिमिल्सिना, नेपाल खेलकुद पत्रकार मञ्चका अध्यक्ष दुर्गानाथ सुवेदी र नेपाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलाडी सङ्घका अध्यक्ष दीपक श्रेष्ठलगायतले पुरस्कार प्रदान गर्नुभयो।

## सात महिनामा तीन लाख विदेशी पर्यटक भित्रिए

**रासस**
**काठमाडौं, १९ साउन**

सन् २०२२ को सात महिनामा झण्डै तीन लाख विदेशी पर्यटक नेपाल भित्रिएका छन्। अध्यागमन विभागलाई उद्धृत गर्दै नेपाल पर्यटन बोर्डले उपलब्ध गराएको तथ्याङ्कानुसार जनवरीदेखि जुलाई महिनासम्म हवाईमार्ग भएर दुई लाख ८५ हजार तीन सय ६३ विदेशी पर्यटक नेपाल भ्रमणमा आएका छन्।

पछिल्लो जुलाईमा ४४ हजार चार सय ६२ पर्यटक आएका छन्। सन् २०१९ को जुलाई महिनामा ५८ हजार आठ सय ११ विदेशी पर्यटकले नेपाल भ्रमण गरेका थिए। जुलाईमा छिमेकी मुलुक भारतबाट सबैभन्दा बढी १७ हजार दुई सय ९९, बङ्गलादेशबाट एक हजार आठ सय ७४ पर्यटक भित्रिएका छन्।

त्यस्तै चीनबाट एक हजार पाँच सय ९३ पर्यटक नेपाल आएका छन्। समग्रमा एसिया र अन्य मुलुकबाट चार हजार एक सय ९५ पर्यटकले नेपाल भ्रमण गरेका छन्। त्यसैगरी युरोपबाट नौ हजार एक सय २१, मध्यपूर्वलगायत मुलुकबाट तीन हजार सात सय ३५ र अमेरिकाबाट पाँच हजार दुई सय २८ पर्यटकले नेपाल भ्रमण गरेका छन्।

## महिलाको नाममा लिखत : दुई करोड बढी राजस्व छुट

**पोखरापत्र संवाददाता**
**तनहुँ, १९ साउन**

मालपोत कार्यालय तनहुँमा आर्थिक वर्ष २०७८/०७९ मा महिलाको नाममा जग्गा पास गर्दा रु दुई करोड ८८ लाख २३ हजार पाँच सय आठ राजस्व छुट भएको छ।

मालपोत कार्यालयमा चार हजार दुई सय ५७ महिलाको नाउँमा जग्गा नामसारी गर्दा उक्त राजस्व छुट भएको हो। सहरी क्षेत्रका तीन हजार ११ र ग्रामीण क्षेत्रका एक हजार दुई सय ४५ महिलाको नाममा जग्गा पास गर्दा २५ प्रतिशत छुट दिने प्रावधानअनुरुप छुट पाएको कार्यालय प्रमुख चिरञ्जीवी पौडेलले जानकारी दिनुभयो।

त्यसैगरी आर्थिक वर्ष २०७८/७९ मा ग्रामीण र सहरी क्षेत्रका गरी दुई सय २३ दलित तथा ज्येष्ठ नागरिकका नाममा लिखत पास भएको छ। दलित तथा ज्येष्ठ नागरिकका नाममा लिखत पास गर्दा रु ११ लाख २१ हजार दुई सय ११ राजस्व छुट गरिएको उहाँले बताउनुभयो। त्यसैगरी मालपोत कार्यालय तनहुँले आर्थिक वर्ष २०७८/७९ मा कूल रु ४३ करोड २७ लाख ६८ हजार सात सय ४४ राजस्व सङ्कलन गरेको छ। कार्यालयले दिएको जानकारीअनुसार राजिनामातर्फ रु २४ करोड ६५ लाख ४१ हजार नौ सय ५८, धितोतर्फ रु चार करोड ६१ लाख २५ हजार पाँच सय ३५, पुँजीगत लाभकरतर्फ रु १४ करोड एक लाख एक हजार दुई हजार ५१ राजस्व सङ्कलन गरेको सो कार्यालयले जनाएको छ। मालपोत कार्यालयबाट सङ्कलन भएको राजस्वमध्ये ४० प्रतिशत प्रदेश सरकार र ६० प्रतिशत सम्बन्धित स्थानीय पालिकामा पठाइने मालपोत कार्यालय तनहुँका प्रमुख पौडेलले जानकारी दिनुभयो।

सुपथ मूल्यमा आकर्षक छपाइ

पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।
हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# कृषक अनुदान वितरण, गुरुङ 'सर्वोत्कृष्ट वर्ष कृषक'

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ साउन**

पोखरा महानगरपालिकाले कृषकहरूलाई २० लाख बराबरको अनुदान वितरण गरेको छ। मेयरमैत्री बाख्रा पालन प्याकेज कार्यक्रम अन्तरगत ती समूहहरूलाई ५ लाखका दरले २० लाख बराबरको अनुदान वितरण गरिएको हो । पोखरा महानगरपालिका पशु सेवा शाखाद्धारा आयोजित बाख्रा मेला प्रदर्शनी तथा अनुदान वितरण कार्यक्रममा पोखरा महानगरपालिकाका प्रमुख धनराज आचार्यले सो अनुदान वितरण गर्नुभएको हो । अनुदान प्राप्त गर्नेमा मिलीजुली बाख्रा पालन कृषक समूह पोखरा १३ आर्वा, सराङकोट बाख्रा पालन समूह पोखरा १८, लगनशील बाख्रा पालन कृषक समूह पोखरा ३२ र बेगनास बाख्रा पालन समूह पोखरा ३१ रहेका छन् । प्रत्येक समूहलाई ५ लाखका दरले अनुदान वितरण गरिएको हो । अनुदानले १०० बढी कृषकहरू लाभान्वित हुनेछन् । सो क्रममा मौजा हिल लाईभस्टक फार्म पोखरा २० का कृषक दुर्गा बहादुर गुरुङलाई 'सर्वोत्कृष्ट वर्ष कृषक' घोषणा सहित सम्मान गरिएको छ । गुरुङले पोखराका विभिन्न स्थानलाई बाख्रा पालनको



पकेट क्षेत्रको रूपमा विकास गर्न तथा कृषकहरूलाई प्रोत्साहन गर्ने कार्यमा उल्लेखनीय योगदान गर्नुभएको छ।

यस्तै पोखरा महानगरपालिका भित्र रहेका १७ वटा उत्कृष्ट कृषि फार्महरूलाई पनि सम्मान पत्रले सम्मान गरिएको छ । सम्मानित कृषकका प्रत्येक फार्महरूमा १०० सय बढीको संख्यामा बाख्राहरू पालिएका छन् । उक्त अवसरमा प्रमुख आचार्यले आगामी ५ वर्ष भित्र पोखरा महानगरपालिकालाई कृषि तथा पशुजन्य उत्पादनहरू तरकारी, दूध, अण्डा, मासु तथा फलफूलमा आत्मनिर्भर बनाइने बताउनुभयो। कृषकहरूलाई निर्वाहमुखी भन्दा पनि व्यवसायीकरणमा जोड दिँदै उहाँले महानगर कृषकहरूको साथ मै रहेको विश्वास दिलाउनुभयो । कृषि उपजको ढुवानी तथा बजारीकरणका लागि कोल्ड स्टोर सहितको कृषि एम्बुलेन्स सञ्चालन गर्ने तयारी गरिएको बताउँदै प्रमुख आचार्यले महानगरभरि अनुकूलता अनुसारको कृषि व्यवसाय सञ्चालन गर्न सुझाव समेत दिनुभयो। कृषि तथा पशु बिमामा सबै किसानहरूलाई सामेल हुन अनुरोध गर्दै उहाँले बिमालाई थप व्यवस्थित गरिने पनि बताउनुभयो । ग्रामीण क्षेत्रमा बाँदरको आतङ्क रोक्नका लागि उपयुक्त निकास खोजिने उहाँले विश्वास दिलाउनुभयो।

कार्यक्रममा पोखरा १३ का वडा अध्यक्ष किरण बराल, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र कास्कीका प्रमुख शम्भुराज पाण्डे, कृषि विकास महाशाखाका प्रमुख मनोहर कोरिया, बाख्रा पालन किसान समूह कास्कीका अध्यक्ष एवं वर्ष उत्कृष्ट कृषक दुर्गा बहादुर गुरुङ, पशु सेवा शाखाका प्रमुख नवराज अधिकारी, नमुना प्राङ्गारिक कृषि सहकारी संस्थाका अध्यक्ष टेकनाथ बराल र बाख्रा पालक किसान मिना गुरुङ लगायतले बाख्रा तथा पशुपालनको विषयमा बोल्नुभएको थियो । मिलीजुली बाख्रा पालन कृषक समूह पोखरा १३ आर्वाका अध्यक्ष ऋषिराम पराजुलीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा स्वागत मोहोर पानी आदर्श टोल विकास संस्थाका अध्यक्ष श्रीराम सिग्देल तथा सञ्चालन बाख्रा पालक कृषक कृष्णराज बरालले गर्नुभएको थियो । यसअघि बाख्रा मेलामा बोका तथा बाख्राको विद्यामा उत्कृष्ट किसानहरूलाई नगद सहित सम्मान प्रदान गरिएको थियो । बाख्रा पालन तर्फ शङ्कर बराल, ऋषिराम बराल, रमा बराल र बद्री प्रसाद देवकोटा क्रमशः प्रथम, द्धितिय, तृतीय र सान्त्वना भए भने बोका पालन तर्फ ईश्वर बहादुर सिं, विष्णु बहादुर बराल, गीता बराल र कमल बराल प्रथम, द्धितिय, तृतीय र सान्त्वना हुन सफल भए। पोखरा महानगरपालिकाका ६७ जना कृषकहरूले व्यवसायीक कृषक परिचय पत्र प्राप्त गरेका छन् । वर्णशंकर र शुद्ध गरी पोखराका कृषकहरूको फार्ममा ६७ हजार बढी बाख्राहरू पालिएका छन्।

# निर्वाचनको...

प्रवक्ता शालिग्राम शर्मा पौडेलका अनुसार मतदानस्थल र मतदान केन्द्रको पुनरावलोकन, निर्वाचन कार्यक्रम स्वीकृति, समानुपातिक निर्वाचन प्रणालीका लागि कार्यालय स्थापना, जनशक्ति व्यवस्थापन, बजेट तर्जुमा र आर्थिक निर्देशिकाको स्वीकृति, अन्य आवश्यक निर्देशिका, कार्यविधि र मापदण्डको तर्जुमा गर्न तयारी भएको छ। स्थानीय तहको निर्वाचनमा रु आठ अर्ब ११ करोड विनियोजन गरिएकामा रु पाँच अर्ब ४० करोड खर्च भएको थियो भने अबको निर्वाचनमा रु १० अर्ब खर्च हुने अनुमान गरिएको छ । आयोगले मतदानस्थल र मतदान केन्द्र पुनरावलोकनका लागि कार्ययोजना बनाई सम्बन्धित मन्त्रालय र निकायसँग समन्वय गरी मतदानस्थल र मतदान केन्द्र निर्धारण समन्वय समितिको बैठकबाट सिफारिस गर्न यही साउन ८ गते सूचना जारी गरिसकेको छ। प्राप्त सिफारिसका आधारमा मतदानस्थल र केन्द्र अद्यावधिक हुनेछ। स्थानीय तहको निर्वाचनमा १० हजार ७५६ मतदानस्थल र २१ हजार ९५५ मतदान केन्द्र रहेका थिए।

# फेवा सहकारीको लक्ष्य १ अरब ५५ करोड पुर्‍याउने

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ साउन**

फेवा बचत तथा ऋण सहकारी संस्था लि. पोखरा -५ जिरो कि.मी. ले आर्थिक वर्ष २०७८/०७९ को समीक्षा आर्थिक वर्ष २०७९/०८० को योजना तर्जुमा तथा सहकारी क्षमता अभिवृद्धि कार्यक्रम कास्कीको अन्नपूर्ण गाउँपालिका वडा नं.६ लुम्ले स्थीत कृषी अनुसन्धन निर्देशनालयमा सम्पन्न गरिएको थियो।

उक्त कार्यक्रमा संस्थाका अध्यक्ष क्या. चन्द्रप्रसाद गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा यङ्जाकोट तमु समाजका अध्यक्ष, यस संस्थाका शेयर सदस्य चन्द्र बहादुर गुरुङ्गको प्रमुख अतित्थतामा भएको कार्यक्रमा प्रमुख प्रशिक्षक जिल्ला सहकारी संघ लि. का वरिष्ठ प्रवन्धक भोजराज घिमिरेले लक्ष्य सहित प्रत्येक कर्मचारीलाई जिम्मेवारी दिनुपर्ने, अझ सहकारी संस्थाहरुले उत्पादनमा जोड दिनुपर्ने, सहकारीहरु सहकारीका सात सिद्धान्त अनुरुप अगाडी बढ्नुपर्ने कुरामा जोड दिँदै सदस्यहरुलाई अझै बढि तालिमको आयोजना गर्नु पर्ने, कर्जालाई सुरक्षण गर्नुपर्ने, बढि भन्दा बढि आन्तरीक नियन्त्रण प्रणाली बनाउनु पर्ने, भाका नाघेको ऋण सकभर ०% मा झार्नु पर्ने कुराहरुको बारेमा सहजिकरण गर्नु भएकको थियो । उक्त कार्यक्रममा संस्थाका संचालक पूर्णभद्र अधिकारीले सहकारीमा आवद्ध हुने जति सुकै भएता पनि सबैले आत्मानुशासन भएर



सतकर्म गर्नुपर्ने सत्यतालाई स्वीकार गर्नुपर्ने लक्ष्य लिएर अगाडी बढेमा अवश्य लक्ष्यमा पुगिन्छ, भन्ने कुराहरुमा सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत हरिभक्त पौडेलले संस्थाको आ.व. २०७८/०७९ मा वार्षिक १ अर्व २६ करोडको प्रगति प्रतिवेदन प्रस्तुत गर्दै गत सालको लक्ष्य अनुसार ९६% ले वृद्धि भएको जानकारी गराउनु भयो । कुल कारोवार १ अर्व ५५ करोड र सञ्चालन नाफा ४ करोड ४० लाख पुर्‍याउने र संस्थागत पूँजी वृद्धि गर्दै जने, नयाँ बचतका योजनहरु प्रस्तुत गर्नु भएको थियो । उक्त प्रस्ताव छलफल गरी उक्त लक्ष्यमा पुग्ने प्रतिवद्धता गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका सचिव दिल बहादुर भट्टराईले संस्थाको संगठानात्मक ढाँचा र संस्थाको ३ बर्षे रणनीतीका योजनाको बारेमा सहजीकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका उपाध्यक्ष सम्मर बहादुर श्रेष्ठले स्वागत गर्दै फोहोरलाई कसरी मोहरमा परिणत गर्न सकिन्छ भन्ने कुरामा सहजीकरण गर्नुभयो।

त्यसैगरी कार्यक्रममा याङ्जाकोट तमु समाजका सचिव युवराज गुरुङ्ग, कोषाध्यक्ष जित बहादुर गुरु, प्रविधिक आनन्द सापकोटा, पोखरा महानगरपालिकाका प्राविधिक गणेश गिरी, पोखरा-१३ भद्रकाली सेवाकेन्द्र व्यवस्थापन समितिका संयोजक श्याम बहादुर गुरुङ्ग, सदस्य श्याम गुरुङ्ग, मोहनराज गुरुङ्ग लगायतले शुभकामना मन्तव्य राख्नु भएको कार्यक्रम संस्थाका प्रवन्धक जगन तिमिल्सिनाले सञ्चालन गर्नु भएको थियो । उक्त कार्यक्रममा संचालक समिति, लेखा समिति, विभिन्न उप समिति, कर्मचारीहरु र केहि शेयर सदस्यहरुको सहभागिता रहेको थियो।


## गर्मीको समयमा खाना खाँदा ध्यान दिऔं ।

- बासी र सडेगलेका खानेकुराहरु नखाऔं।
- पाकेको खाना मात्र खाऔं।
- झिङ्गा र भुसुना भन्किन नदिऔं । खानेकुरा छोपेर राखौं।
- खाना पकाएपछि भाँडा राम्ररी सफा गरौं।
- फलफूललाई सफा पानीले धोएर मात्र खाऔं।
- सकेसम्म खुलारुपमा बेच्न राखिएका खाना र पेय पदार्थ उपभोग नगरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड


# तमु धिं नेपालले शैक्षिक अनुशिक्षण कार्यक्रम गर्ने

**पोखरापत्र संवाददाता**
**पोखरा, १९ साउन**

२८ औं विश्व आदिवासी दिवस(९ अगष्ट) साउन २४ गते तमु धिं नेपालले यस वर्ष एसईई तमु विद्यार्थीहरुलाई बधाई एवम शैक्षिक अनुशिक्षण कार्यक्रम गरी मनाउने भएको छ।

आदिवासी दिवसलाई सिर्जनात्मक ढंगले मनाउनुपर्छ भन्ने मान्यताका अनुसार तमु विद्यार्थीहरुलाई उच्च शिक्षातर्फ प्रोत्साहन र अभिभावकहरुलाई समेत शिक्षाको महत्वका बारेमा प्रशिक्षित गर्नु पर्ने आवाश्यक भएकाले तमु धिं नेपालले बधाई एवम् शैक्षिक मार्गनिर्देशन हुने गरी कार्यक्रम गर्ने भएको हो।

अस्तित्व र पहिचानबाट शुरु भएको आदिवासी आन्दोलनले आदिवासी जनजाति अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघलाई कार्य गर्न सन् १९९३ अगष्ट ९ देखि बाध्य बनाएको महत्वको दिवसमा चेतना अभिवृद्धि गर्ने शिक्षा सम्बन्धी कार्यक्रम गर्ने तमु धिं नेपालले जनाएको छ।

'तमुहरुको शैक्षिक अवस्था र अबको शिक्षा' विषयक अनुशिक्षण कार्यक्रममा विद्यार्थीसँगै अभिभावकलाई समेत कार्यक्रमका प्रमुख अतिथि गण्डकी विश्वविद्यालयका कुलपति प्रा. डा. गणेशमान गुरुङले मार्गनिर्देशन गर्ने कार्यक्रम रहेको बताइएको छ । शिक्षा नै विकास र अधिकारको मुल जड भएकाले आदिवासी जनजातिका लागि अत्यन्तै महत्व राख्ने विश्व आदिवासी दिवस नाचगान र यालीमा सिमिति नराखी ज्ञान, सिप आर्जन गर्ने पर्वको रुपमा अघि बढाउनुपर्ने तमु धिं नेपालका अध्यक्ष हुमबहादुर गुरुङले बतउनुभयो । तमुहरुलाई शैक्षिक जागरण एवम् प्रोत्साहनमुलक कार्यक्रममा युवा, विद्यार्थी र अभिभावकहरुलाई सहभागिताका लागि तमु धिं नेपालका अध्यक्ष गुरुङले आग्रह गर्नुभएको छ।


## कर्मचारी आवश्यकता

शिघ्र नयाँ संचालनमा आउन लागेका यस पञ्चम आयुर्वेद हस्पिटल प्रा.लिको लागि इमान्दार मेहिनती कर्मचारी आवश्यकता परेकोले हुनाले सम्बन्धित उम्मेदवारले आफ्नो बायोडाटा सहित सर्पक राख्नुहोला ।

| क्र.स. | पद | संख्या | योग्यता | सुविधा |
|---|---|---|---|---|
| १. | रिसेप्सनिष्ट | २ | १२ पास [illegible] अनुभव | कम्पनी को नियमानुसार |
| २. | नर्स तथा अनमी | ३ | प्रमाण पत्र तह | |
| ३. | [illegible] सहायक | २ | साक्षर वा १० पास | |
| ४. | फिजियोथेरापिष्ट | १ | स्नातक (बिपिटी) | |
| ५. | आयुर्वेद चिकित्सक | २ | स्नातक (बिएएमएस) | |
| ६. | व्यवस्थापक | १ | स्नातक (हस्पिटल व्यवस्थापन [illegible]) [illegible] अनुभवि । | |
| ७. | [illegible] | १ | अनुभवी | |
| ८. | लेखापाल | १ | [illegible] | |

सर्पक: मिति:२०७९।०४।१४ देखि २०७९।०४।२४ सम्म
छनोट प्रक्रिया : लिखित, प्रयोगात्मक र अन्तर्वार्ता

PANCHAM AYURVEDA HOSPITAL PVT. LTD.
पञ्चम आयुर्वेद हस्पिटल प्रा. लि.
(पुरानो स्पार्क बि एण्ड डि अस्पताल)
पोखरा-९ न्युरोड सभागृह चोक [illegible] फोन नं [illegible]

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरू :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सर्पक:
स्पार्क बि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:00 बजेदेखि बेलुकी ५:00 बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

कमाउन जति गाह्रो छ, गुमाउन ज्यादै सजिलो हुन्छ ।

– स्वटेमार्डन

## सम्पादकीय

# मंसिर ४ मा निर्वाचन घोषणा

नेपाल सरकारले आगामी मंसिर ४ गते एकै चरणमा मतदान गर्ने गरी संघीय संसद्को प्रतिनिधि सभा सदस्य तथा प्रदेश सभा सदस्यको निर्वाचनको मिति घोषणा गरेको छ । बिहीबार बसेको मन्त्रिपरिषदको बैठकले १०८ दिनको समय दिएर निर्वाचनको मिति घोषणा गरेको छ। निर्वाचन आयोगले १२० दिनको समय मागेको थियो । आयोगले मंसिर २ गतेको मिति सिफारिस गरेको थियो । प्रधानमन्त्री शेर बहादुर देउवाले सत्ता गठबन्धनका शीर्ष नेताको बैठकमा मंसिर ४ गतेका लागि सहमति जुटाएका थिए। जुन देउवालाई ज्योतिषीले सुझाएको मिति भएको अनुमान गरिएको छ।

नेपालको संविधान २०७२ साल असोज ३ गते जारी भएपछि प्रतिनिधि सभा र प्रदेशसभाको निर्वाचन दोस्रो पटक हुन लागेको छ। प्रतिनिधि सभाको २७५ सदस्य मध्ये १६५ सदस्य पहिलो निर्वाचित हुने निर्वाचन प्रणालीबाट र ११० सदस्य समानुपातिक निर्वाचन प्रणाली अनुसार निर्वाचित हुन्छन् । प्रतिनिधिसभा सदस्यका लागि १६५ निर्वाचन क्षेत्र कायम गरिएको छ भने प्रदेश सभामा त्यसको दोब्बर अर्थात् ३३० निर्वाचन क्षेत्र कायम गरिएको छ। प्रतिनिधि सभा र प्रदेश सभामा समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत मतदान हुने छ। प्रतिनिधि सभामा ११० र प्रदेश सभामा २२० सदस्यका लागि समानुपातिक प्रणाली अनुसार मतदान हुने छ। निर्वाचन मिति घोषणालाई प्रमुख प्रतिपक्षी नेकपा एमालेले स्वागत गरेको छ।सत्ता गठबन्धनका दलहरूले मिलेर चुनाव लड्ने बताउँदै आएका छन।

प्रादेशिक तथा संघीय निर्वाचनको मिति घोषणा भएसँगै गठबन्धन सरकार कामचलाउमा परिणत भएको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले निर्वाचनको मिति घोषणा गरेसँगै शेरबहादुर देउवा नेतृत्वको सरकार कामचलाउमा परिणत भएको छ। कामचलाउ बन्नु अघि गठबन्धन सरकारले धेरै महत्वपूर्ण निर्णय र कर्मचारी सरुवा गरेको छ। कामचलाउमा परिणत भएसँगै अब यो सरकारले ठुला निर्णयहरु गर्न पाउने छैन। अब सरकारले नियमित दैनिक प्रशासनिक कामबाहेक दीर्घकालीन असर पर्ने नीति-कार्यक्रम, बजेट र योजना ल्याउन पाउँदैन । अब यो सरकार चुनावी सरकार भएकाले कर्मचारीहरुको नियमित सरुवा-बढुवा, मन्त्रीहरुको नियुक्ति, चुनाव प्रभावित पर्ने गरी बजेट ल्याउन, सन्धि-सम्झौतामा हस्ताक्षर गर्ने, राजनीतिक नियुक्ति गर्नेलगायतका कामहरु गर्न पाउँदैन । चुनाव घोषणा गरेर संसद स्थगन नगरी चलाउन खोज्नु संसदीय मुल्य र मान्यता विपरीत हुने संविधानविद्को तर्क छ।

अब यो सरकार चुनावी सरकार हो । चुनावी सरकारलाई संविधानले ठूलो छेकबार लगाउने भन्दा पनि राजनीतिक संस्कार बसाल्ने हुँदा 'अब यसले ठूला निर्णय, सार्वजनिक महत्व राख्ने, नीतिगत र कानुनी कुरा गर्न मिल्दै । चुनावी सरकारले कर्मचारीहरुको नियमित सरुवा-बढुवा, मन्त्रीहरुको नियुक्ति, चुनाव प्रभावित पर्ने गरी बजेट ल्याउन, सन्धि-सम्झौतामा हस्ताक्षर गर्ने, राजनीतिक नियुक्ति गर्नेलगायतका कामहरु गर्न मिल्दैन। चुनावलाई विश्वस्नीय, निस्पक्ष र मर्यादित बनाउन सबै क्षेत्रले खबरदारी र सहयोग गर्नु जरुरी छ।


# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : मन चञ्चल | तुला | : मानसिक तनाब |
| वृष | : सहयोग मिल्नेछ | वृश्चिक | : शारीरिक झमेला |
| मिथुन | : सत्कार मिल्नेछ | धनु | : ब्यापारमा लाभ |
| ककर्ट | : सम्मान मिल्नेछ | मकर | : शत्रुको भय |
| सिंह | : अप्रत्यसित लाभ | कुम्भ | : झमेला बढ्ने |
| कन्या | : आर्थिक समस्या | मीन | : कार्यमा सफलता |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**

पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६

चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।


# थाइल्याण्डमा नेपाल प्रवर्द्धन

**रासस**
**काठमाडौं, १९ साउन**

प्यासिफिक एसिया ट्राभल एशोसिएशन (पाटा) नेपाल च्याप्टरले थाइल्याण्डमा 'नेपाल सेल्स मिशन २०२२' मार्फत नेपालको गन्तव्यको प्रवर्द्धन गरेको छ।

थाइल्याण्डको राजधानी बैंककमा आयोजित कार्यक्रममा नेपालका ११ बिक्रेता पर्यटन व्यावसायिक कम्पनी र थाइल्याडका ४५ भन्दा बढी टुर अपरेटरलगायत करिब ८० जना सरोकारवालाको सहभागिता रहेको थियो । 'बीटुबी शत्र' औपचारिक समारोह र नेटवर्किङ डिनर रिसेप्सन भव्यताका साथ सम्पन्न भएको पाटा नेपालले विज्ञप्तिमार्फत जनाएको छ । पाटा नेपालले थाइल्यान्डस्थित नेपाली राजदूतावास, नेपाल एयरलाइन्स, पाटा अन्तर्राष्ट्रिय र पाटा थाइल्याण्ड च्याप्टर, थाई ट्राभल एजेन्ट्स एशोसिएशन, एसएस ग्रुप थाइल्याण्ड, नेपाली उद्योग परिसङ्घ (सिएनआइ) र जावलाखेल ग्रुप अफ इन्डस्ट्रिजसँगको सहकार्यमा नेपाल सेल्स मिसन आयोजना गरेको हो। कोभिड-१९ महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानअन्तर्गत विदेशी स्रोत बजारमा गएर पहिलो पर्यटन प्रवर्द्धन कार्यक्रम आयोजना गरिएको पाटा नेपालले जनाएको छ । पाटा नेपालका पदाधिकारीसहित २० पर्यटन व्यवसायीको प्रतिनिधिमण्डलले अगष्ट २ देखि ४ गतेसम्म थाइल्याण्डको सोङखलामा आयोजना हुने छैटौं पाटा डेस्टिनेसन मार्केटिङ फोरममा समेत सहभागिता जनाएको छ।

कार्यक्रममा थाइल्याण्डका लागि नेपालका राजदूत गणेशप्रसाद ढकालले थाई ट्राभल एजेन्टस तथा आगन्तुकलाई सहज भिसा सेवा, नेपाल भ्रमणको सम्बन्धमा जानकारी तथा अन्य आवश्यक सहयोग प्रदान गर्न नेपाली दूतावासले सक्रिय भूमिका निर्वाह गर्ने बताउनुभयो। नेपालको पर्यटन क्षेत्रका आकर्षणका बारेमा प्रकाश पार्दै उहाँले नेपालको पर्यटन प्रवर्द्धनमा सहकार्य गर्न सहभागीलाई आग्रह पनि गर्नुभयो। पाटा अन्तर्राष्ट्रियकी प्रमुख कार्यकारी निर्देशक लिज ओर्टिगेराले महामारीपछिको पर्यटन प्रवर्द्धनका लागि आफू पहिलोपटक सहभागी हुन पाएकोमा खुसी व्यक्त गर्दै पाटा च्याप्टरहरूबीचको सहकार्य तथा समन्वयमार्फत नेपालको पर्यटन प्रवर्द्धनमा पाटा नेपाल च्याप्टरको उच्च सक्रियताको प्रसंशा गर्नुभयो । उहाँले नेपाललगायत विश्वभरका पाटा सदस्य संस्थाहरू तथा गन्तव्यको पर्यटन पुनःरुत्थान एवं प्रवर्द्धनमा पाटाले आफ्नो स्रोत र विशेषज्ञता उपलब्ध गराउने विश्वास व्यक्त गर्नुभयो।

सीएनआइका महानिर्देशक दीपकराज जोशीले नवीनतम अद्यावधिक र जीवन्त अनुभव प्रदान गर्ने गन्तव्यको रूपमा नेपालको आकर्षणका बारेमा विस्तृत जानकारी प्रस्तुत गर्नुभयो । उहाँले थाई ट्राभल एजेन्टले नेपालसँग जोडिएर कसरी फाइदा लिन सक्छन् भन्ने विषयमा समेत अवधारणा प्रस्तुत गर्नुभएको थियो। पाटा नेपालका अध्यक्ष विभूति चन्द ठाकुरले विश्वव्यापी महामारीले दुई मित्रराष्ट्र नेपाल र थाइल्याण्डबीचको पर्यटन आदानप्रदानलाई प्रवर्द्धन गर्न सार्वजनिक तथा निजी क्षेत्रका सबै सरोकारवालालाई पर्यटन क्षेत्रको पुनःरुत्थान तथा दिगो विकासका लागि हातेमालो गरेर अगाडि बढ्न आग्रह गर्नुभयो । उहाँले बैंककमा आयाजित नेपाल सेल्स मिशन नवनिर्मित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल र यसको दिगो पर्यटन विकासका लागि नयाँ बाटो र अवसरको प्रवर्द्धन गर्दै महामारीपछिको पर्यटन पुनःरुत्थान अभियानमा सहयोग पुऱ्याउन समयसापेक्ष र फलदायी पहल भएको विश्वास व्यक्त गर्नुभयो।

त्यसैगरी, पाटा थाइल्याण्ड च्याप्टरकी अध्यक्ष सुश्री बेन मोन्टगोमेरीले नेपालको पर्यटन पुनःरुत्थान पहलका लागि शुभकामना व्यक्त गर्नुभयो। थाई ट्राभल एजेन्ट्स एशोसिएशनका उपाध्यक्ष शिवेक सचदेवले नेपालको दिगो र वातावरणमैत्री पहलको प्रशंसा गर्दै आफ्नो थाई पर्यटन समुदायलाई नेपालको पर्यटन प्रवर्द्धनमा सहयोग गर्न आग्रह गर्नुभयो। थाइल्याण्डमा नेपाल वायुसेवा निगमका कन्ट्री म्यानेजर होमप्रसाद पराजुलीले सहज जडान, राष्ट्रिय ध्वजावाहकको प्रवर्द्धन भाडा र थाई एजेन्टलाई विशेष सुविधाको बारेमा जानकारी दिनुभयो । लुम्बिनी विकास कोषका सद्भावनादूत विक्रम पाण्डेले भगवान् बुद्धको जन्मस्थल लुम्बिनी वरपर विकासभइरहेकापर्यटनपूर्वाधार र पर्यटकीय गतिविधिको सम्भावनालाई प्रकाश पार्दै थाइल्याण्ड-नेपाललाई बौद्ध पर्यटनको माध्यमबाट जोड्नेबारे कार्यपत्र प्रस्तुत गर्नुभएको थियो।

# शहीद तथा बेपत्ताका परिवारलाई मासिक भत्ता

**पोखरापत्र संवाददाता**
**बागलुङ, १९ साउन**

बागलुङको ताराखोलाका शहीद, बेपत्ताका परिवार तथा घाइतेले गाउँपालिकाबाट मासिक भत्ता प्राप्त गर्ने भएका छन् । गाउँपालिकाले द्वन्द्वको क्रममा भएका शहीद, बेपत्ताका परिवार, घाइते तथा अपाङ्गलाई मासिक भत्ता दिने भएको हो।

पालिकाले गाउँसभाबाटै नीति तथा बजेटमा सो कुरा समावेश गरेको छ। कार्यपालिका बैठकबाट भत्ता वितरणको नीति बनाएर पारित गरेकाले आगामी महिनादेखि शहीद तथा बेपत्ताका परिवारलाई मासिक भत्ता दिन थाल्ने गाउँपालिकाका अध्यक्ष धनबहादुर विकले जानकारी दिनुभयो। सशस्त्र द्वन्द्वका क्रममा राज्य पक्षबाट २१ शहीद र दुई बेपत्ता भएका थिए भने विद्रोही नेकपा माओवादी पक्षबाट चार शहीद भएका थिए । उनीहरूका परिवारलाई मासिक रु एक हजार पाँच सयका दरले भत्ता दिने निर्णय गरिएको विकले बताउनुभयो । घाइते तथा अपाङ्गताको हकमा परिचयपत्रको आधारमा जिल्ला प्रशासन र वडा कार्यालयले प्रमाणित गरेपछि रु पाँच सयदेखि रु एक हजार भत्ता दिने निर्णय गरिएको छ।

गाउँपालिकामा ११ जना द्वन्द्वको क्रममा गम्भीर घाइते भएका थिए। पालिकाले विद्रोही तथा राज्य पक्षबाट भौतिक संरचना गुमाएका परिवारलाई रोजगारी दिने गरी नीति बनाएको छ । पालिकाले दिने हरेक रोजगारीमा यो सूचक राखिने गाउँपालिकाले जनाएको छ।

# म्याग्दी नारच्याङमा चिस्यान गृह

**पोखरापत्र संवाददाता**
**म्याग्दी, १९ साउन**

म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा फलफूल र तरकारी भण्डारण गर्ने चिस्यानगृह निर्माण भएको छ । प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाअन्तर्गत सुन्तलाको व्यावसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन) कार्यक्रमको सहयोगमा न्यू अन्नपूर्ण कृषि तथा पशु मल्टी एग्रोले चिस्यानगृह बनाएको हो।

कृषि फार्मका सञ्चालक प्रेम गुरुङले १० हजार किलोग्राम तरकारी र फलफूल भण्डारण गरेर राख्न सकिने क्षमताको चिस्यानगृह बनाएको बताउनुभयो । "यस क्षेत्रका कृषकले उत्पादन गरेका सुन्तला जात फलफूल र तरकारीलाई भण्डारण तथा बजारीकरणका लागि चिस्यानगृह बनाइएको हो", उहाँले भन्नुभयो, "बेमौसममा बढी मूल्य पार्न सकिनुका साथै बजार नपाउने समस्या पनि हट्ने अपेक्षा गरेका छौं ।" सुन्तलालाई दुई महिना, स्याउलाई पाँचदेखि छ महिना भण्डारण गरेर राख्न सकिने गुरुङले बताउनुभयो । माघ-फागुनमा नारच्याङ, दाना, भुरुङ, तातोपानी, घार, हिस्तानमा उत्पादन भएको सुन्तला र भदौ-असोजमा मुस्ताङको स्याउ भण्डारण गर्ने योजना छ।

चिस्यानगृहको भवनमा फलफूल र तरकारीलाई ताजा बनाइराख्ने अनुकुलित हावापानी बनाउने उपकरण जडान गरिएको छ। बेमौसममा सुन्तला र स्याउ बिक्री गर्दा दोब्बर मूल्य पारेर बढी आम्दानी लिन सकिन्छ। सिजनमा उचित मूल्य नपाउने समस्या पनि चिस्यानगृह सञ्चालन भएपछि हट्ने अपेक्षा गरिएको छ। चिस्यानगृह बनाउनका लागि प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको बेनीस्थित सुन्तला जोन कार्यालयले गत आर्थिक वर्ष २०७८/७९ मा रु १३ लाख अनुदान उपलब्ध गराएको थियो। कुल रु २३ लाख खर्च भएको चिस्यानगृहको पूर्वाधार र उपकरण खरिदमा सञ्चालकले रु १० लाखभन्दा बढी लगानी गरेको बताएका छन् । सुन्तला जोनका कृषि अधिकृत विक्रम बस्यालले नारच्याङमा म्याग्दी जिल्लामै पहिलोपटक आधुनिक चिस्यानगृह निर्माण भएको बताउनुभयो । उहाँका अनुसार परियोजनामार्फत पछिल्लो तीन वर्षमा म्याग्दी, बाग्लुङ, पर्वत र मुस्ताङमा फलफूल भण्डारणका लागि सातवटा चिस्यानगृह निर्माण भएका छन्।

आव २०७९/८० मा चारवटा चिस्यानगृह स्थापना गर्ने लक्ष्य छ। आव २०७६/७७ मा पाँच टन क्षमताको एक, २०७७/७८ मा ४२ टन क्षमताका तीनवटा र २०७८/७९ मा ३० टन क्षमताका तीनवटा चिस्यानगृह स्थापना भएका कृषि अधिकृत बस्यालले बताउनुभयो।

# तनहुँमा तोरी पेल्ने मिल विस्थापित हुने

**पोखरापत्र संवाददाता**
**तनहुँ, १९ साउन**

कुनै समयमा रातभर जाग्रम बसेर तोरी पेलिन्थ्यो । बोराका बोरा तोरी पेल्न बिहानदेखि रातिसम्म खटिनुपर्थ्यो तर अहिले तोरी पेल्ने काम एकादेशको कथा जस्तो बन्न पुगेको बताउनुहुन्छ, व्यास नगरपालिका-४ का आशकुमार श्रेष्ठ।

विसं २०३२ मा करिब रु ४० हजार लगानी गरी सदरमुकाम दमौलीमा तोरी मिल सञ्चालन गर्नेमा उहाँ पहिलो नै व्यक्ति हुनुहुन्छ। अन्य महिनामा बीस/पच्चीसजना मानिस दैनिक तोरी पेल्न आउने गरे पनि वर्षायाममा मुस्किलले दुई/तीन जना हुने गरेको सञ्चालक श्रेष्ठ बताउनुहुन्छ । युवा जनशक्ति वैदेशिक रोजगारीमा, छोरीबुहारी छोराछोरी पढाउन सहरमा र बुढाबुढी मात्रै गाउँ रहेका कारण तोरी खेतीतर्फ आकर्षण कम भएको उहाँको भनाइ छ ।

पहिला पहिला बिहानदेखि रातिसम्म ८/९ मुरी तोरी पेल्नको लागि चार जनशक्ति राख्ने गरिएकामा अहिले मुस्किलले दुई जना छन् । सञ्चालन श्रेष्ठ भन्नुहुन्छ, "भएका दुई कर्मचारीलाई पनि पारिश्रमिक दिन कठिनाइ भएको छ ।"पछिल्लो समय तोरीका साथै गहुँ,मकैलगायत पनि पिस्ने गरिएको छ।

पछिल्लो समयमा गाउँ-गाउँमा मिल सञ्चालनमा रहेका कारण पनि सदरमुकामसम्म तोरी पेल्न आउनेको सङ्ख्या घट्दै गएको हुन् ।

# मनाङमा सम्बन्धविच्छेदका घटना बढ्दै

**पोखरापत्र संवाददाता**
**मनाङ, १९ साउन**

हिमाली जिल्ला मनाङमा सम्बन्धविच्छेदका घटना बढ्दै गएको जिल्ला अदालतको तथ्याङ्कले देखाएको छ।

विगतमा सम्बन्धविच्छेदका घटना शून्य रहने जिल्लामा आर्थिक वर्ष २०७८/७९ मा नौवटा घटना फछ्र्यौट भएको जिल्ला अदालतका श्रेस्तेदार तारादत्त बडूले जानकारी दिनुभयो। उहाँका अनुसार पर्यटकीय क्षेत्र मनाङमा आधुनिकीकरण र प्रविधिको दुरुपयोगले सम्बन्धविच्छेदका घटना बढ्ने क्रममा रहेको हो।

"विगतमा मनाङमा सम्बन्धविच्छेदका घटना दर्ता नै भएको तथ्याङ्क छैन। तर हाल भने दर्ता हुने र फछ्र्यौट पनि हुने गरेको छ। यस आर्थिक वर्षमा दर्ता भएका सम्बन्धविच्छेदका घटना फछ्र्यौट भएको छ", जिल्ला अदालतका प्रमुख जिल्ला न्यायाधीश पुनाराम खनालले भन्नुभयो, "यहाँ पनि सम्बन्धविच्छेदका घटना बढ्दो क्रममा रहेको छ।"

श्रेस्तेदार बडूले प्रविधिको सही उपयोग हुनुभन्दा दुरुपयोगलेयस्ताघटनावृद्धिभएको बताउनुभयो । उहाँका अनुसार जिल्लामा सम्बन्धविच्छेदपछि अभद्र व्यवहारका घटना हुने गरेको छ।

त्यस्तै आव २०७८/७९ मा १५ मुद्दा दर्ता भएका थिए। एउटाबाहेक अन्य सबै फछ्र्यौट भएको अदालतले जनाएको छ। अभद्र व्यवहार गर्ने मुद्दा तीन, कर्तव्य ज्यान मुद्दाका एक र सवारी ज्यान मुद्दाका एकवटा मुद्दाको फछ्र्यौट भएको श्रेस्तेदार बडूले बताउनुभयो । एउटा जबर्जस्ती करणीको मुद्दा भने फछ्र्यौट हुन बाँकी रहेको उहाँले जानकारी दिनुभयो।


प्रदेश सरकार
पर्यटन, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय
**उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**
**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
गण्डकी प्रदेश, पोखरा

**फर्म बन्द सम्बन्धी ३५ दिने सार्वजनिक सूचना**

प्रथम पटक प्रकाशित सूचना २०७९/०४/१९

यस कार्यालयबाट मिति २०७५/०६/१२ मा कास्की जिल्ला पोखरा महानगरपालिका वडा नं. २७ तालचोक कि.नं. १८८२ समेतमा संचालन गर्ने गरि आँधिखोला गाउँपालिका वडा नं. ४ स्याङ्जा निवासी सरिता कुमारी सुवेदी पौडेलको नाउँमा दर्ता भएको प्रा.फ.र.नं. १४५०८/०७५/०७६ को अनुष्मा एण्ड आयुष खाजा घरका प्रोपाइटर सरिता कुमारी सुवेदी पौडेलले मिति २०७९/०४/१९ मा फर्म बन्द गरीपाउँ भनी आवश्यक कागजात सहित रितपूर्वक निवेदन दिनुभएको हुँदा यो ३५ दिने फर्म बन्द सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरिएको छ । यदि सो फर्ममा अरु कसैको हकदावी एवं फर्मको कुनै पनि प्रकारको आर्थिक बक्यौदा लगायत कुनै पनि प्रकारका सामाजिक दायित्वहरु बाँकी रहेको भएमा सवुत प्रमाण सहित यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र यस कार्यालयमा लिखित उजुरी दिनुहुन अनुरोध गरिन्छ। म्यादभित्र लिखित उजुरी नपरेमा उक्त फर्म नियमानुसार खारेज भई जाने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**घरेलु तथा साना उद्योग कार्यालय, कास्की**
**गण्डकी प्रदेश, पोखरा**

